# चन्द्रागिरी नगरपालिका

नगरकार्यपाकिाको कार्यालय

वलम्वु, काठमाडौ ।

## विज्ञापन करको ठेक्का सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना

चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र रहेको स्थानमा विज्ञापनको ठेक्का वन्दोवस्त मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही कार्य गर्न ईच्छुक व्यक्ति, व्यवसायिक फर्म, कम्पनीबाट नियमानुसार फर्म/कम्पनी दर्ता प्रमाणपत्र, नविकरण, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्र संलग्न राखी प्रस्ताव पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र रकम रु. ३०००।०० (तीन हजार मात्र) नगदै जम्मा गरी यस कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्रसम्म यस कार्यालयमा पेश गरिसक्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्नेछैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

४. बोलपत्रदाताले बोलपत्र साथ चन्द्रागिरी नगरपालिकाको नाममा एन.आई.सि. एसिया वैंक, कलंकी शाखामा रहेको धरौटी खाता नं. 10CA050686752402 मा आफुले कवोल गरेको कवोल अंकको कम्तीमा ३ प्रतिशतले हुने रकम धरौटी जम्मा गरेको सक्कलै वैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले सो रकम वरावरको हुने कम्तीमा ७५ दिन म्याद भएको चन्द्रागिरी नगरपालिका, नगरकार्यपालिकको नाममा जारी गरिएको वैंक तथा वित्तिय संस्थाको जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्र स्वीकृत भएपछि ठेक्का कवोल अंक वरावरको रकम धरौटी खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा सो वरावरको रकम कम्तीमा ठेक्का अवधिभन्दा २ महिना पछिसम्म मान्य हुने परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्वीकृत भएपछि ठेक्का स्वीकृत रकम वरावरको रकम ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र वाँकी किस्ताको रकम ४/४ महिनाको एकमुष्ट अग्रिम रुपमा वुझाउनुपर्नेछ ।

७. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७७ आषाढमसान्तसम्म कायम रहनेछ । तर दुवै पक्षविच आपसी सहमति भएमा आगामी आ.व.को लागि पुनः म्याद थप गर्न सकिनेछ ।

८. कवोल गरेको कुल ठेक्का रकम सम्झौता गर्दाकै वखत एकमुष्ट वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

९. यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको, म्याद नाघी आएको वोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

१०. विज्ञापनको शुल्क दर लगायतको अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फाराममा दिइएको छ । थप जानकारीको लागि यस नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. सम्वन्धित निकायलाई वुझाउनुपर्ने प्रचलित नियमानुसारको कर बोलपत्रदाता स्वयमले वुझाउनुपर्नेछ ।

१३. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून वमोजिम हुनेछ ।

१४. यो सूचना नगरपालिकाको वेवसाईट www.chandragirimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का रकम रु. | | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १/०७६/०७७ | चन्द्रागिरी नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन कार्य | १००००००००.०० | रु. एक करोड मात्र | ३०००.०० |

**प्रमुख प्रशासकिय अधिकृत**